# तेस्रो अध्ययन
# अब म परमेश्वरको बाटोमा हिँड्दैछु

**येशूलाई पछ्याउनु**

हरेक साँचो क्रिश्चियनहरूलाई येशूका चेला हुनका लागि बोलाइएकोछ. यसको अर्थ उनीहरू येशूलाई पछ्याउंछन् र उनीहरू जस्तोसुकै मूल्य चुकाउनु परे पनि येशूले गर्नु भएका दाबीहरूलाई आफ्नो जीवनमा लागू गनर्मा प्राथमिकता दिन्छन्. येशू जस्तो हिसाबले जिउनु भयो, ठीक त्यही रीतिले जीवन जिउन उनीहरूले दृढ संकल्पित छन्.

*येशूमा रहन्छु भन्नेले आफैं उहाँको चाल अनुसार जिउनु पर्छ* (१यूहन्ना २:६).

तपाई जति बढी परमेश्वरको ज्योतिमा हुनुहुन्छ र उहाँले भन्नु भए अनुसार प्रकाश (ज्ञान) मा जिउनु हुन्छ भने थुप्रै प्रश्नहरू, दिक्दारीहरू, द्विविधाहरू, ब्याकुलताहरू र शंकाहरू आफैं बिलाउन थाल्छन्. केही अप्ठ्यारा परिस्थितिहरू बाँकी रहलान्, तापनि परमेश्वर तिनलाई नियन्त्रण गर्ने ठाउँमा हुनुहुन्छ भनी तपाईं भरपर्न सक्नुहुन्छ. यसरी तपाईं हृदयमा साँचो शान्ति तथा आनन्द अनुभव गर्न सक्नुहुन्छ.

**परमेश्वरलाई प्राथमिकता दिनु**

*पहिले उहाँको राज्य र उहाँको धार्मिकताको खोजी गर, तब यी सबै थोक तिमीहरूलाई दिइनेछन्* (मत्ती ६:३३).

परमेश्वरले हामीलाई उहाँको शिष्यको रुपमा धेरै सु-अवसर र फाइदाहरू दिनु भएकोछ. तर हामीले पूरा गर्नुपर्ने केही खास कर्तब्यहरू पनि छन्. उहाँले हाम्रो लागि गरिदिनु भएका सबै कुराहरूको निम्ति हामीले धन्यवाद दिऔं र उहाँले आफ्नो मार्ग देखाउनु हुँदा तिनको पालना गरौं भन्ने

चाहनु हुन्छ. खीष्टसंग निरन्तर हाम्रो संलग्नता र एउटा क्रिश्चियनका रुपमा बढ्ने कुरा परमेश्वरको इच्छा पालन गर्ने शर्तमा आधारित छ. हामीले आफ्नै इच्छामा हिड्न छाडेर परमेश्वरलाई पहिलो स्थान दिनु पर्छ.

> अनि उहाँले सबैलाई भन्नुभयो,
> *"कोही मपछि आउने इच्छा गर्छ भने त्यसले आफूलाई इन्कार गरोस् र दिनहुँ आफ्नो क्रूस उठाएर मेरो पछि लागोस्. किनभने जसले आफ्नो प्राण जोगाउने इच्छा गर्छ, त्यसले त्यो गुमाउनेछ. तर जसले मेरो खातिर आफ्नो प्राण गुमाउला, त्यसले त्यो बचाउनेछ"* (लूका ९:२३-२४).

यसरी येशूलाई पछ्याउनुको अर्थ संघर्ष गर्नु र परीक्षाहरूको सामना गर्नु हुनसक्छ. अनि उहाँलाई पछ्याउनु भन्नाले उहाँमा विश्राम गर्ने अवसर प्राप्त गर्नु पनि हुनसक्छ (मत्ती ११:२८-३० पढ्नुहोस्). यदि तपाईंले येशूलाई, उहाँको कामलाई र उहाँको इच्छालाई पहिलो स्थान दिनुभयो भने तपाईंले परमेश्वरको प्रेम र वास्ताको पूरा अनुभव गर्न पाउनुहुनेछ. किनभने तपाईंको दैनिक आवश्यकता पूरा गरिदिने प्रतिज्ञा उहाँले गर्नु भएकोछ (मत्ती ६:२५-३४ पढ्नुहोस्).

> *म* (तपाईं) *उहाँ* (येशू) *द्वारा जेसुकै गर्न सक्छु* (सक्नुहुन्छ), *जसले मलाई* (तपाईंलाई) *बलियो तुल्याउनु हुन्छ* (फिलिप्पी ४:१३).

हामीले येशूमा आफ्नो सम्पूर्ण जीवन अर्पण गर्नुपर्छ र हरेक दिन उहाँलाई पछ्याउने र उहाँको आज्ञाकारी हुने गर्नुपर्छ. साँचो क्रिश्चियन जीवनको स्तर संसारकोभन्दा धेरै माथि हुन्छ. येशूको इच्छा अनुसार उहाँलाई पछ्याउन हामीलाई निकै साहस चाहिन्छ. तर यदि हामी उहाँलाई हेर्छौं र उहाँले चाहेजस्तै गरी काम गर्छौं भने चाहिए जति सम्पूर्ण साहस र शक्ति हामी पाउनेछौं.

**परमेश्वरको मार्गमा आनन्द र पूर्णता रहन्छ**

*तपाईंले मलाई जीवनको मार्ग देखाउनु भएकोछ. तपाईंकै उपस्थितिमा आनन्दको भरपूरी छ. तपाईंको दाहिने बाहुलीमा सदासर्वदाको निम्ति सुख-चैन छ* (भजन १६:११).

क्रिश्चियन हुनु भनेको अल्छी लाग्दो कुरा होइन बरू अन्यत्र कतै पाउन नसकिने आनन्द र भरपूरी (पूर्णता) यसमा छ. किनभने क्रिश्चियनहरू मात्रै परमेश्वरलाई खुशी तुल्याउने जीवन जिउँदछन्. पाप गर्दा पाइने आनन्दले तपाईंलाई अन्ततः विनाशमा पुऱ्याउंछ, तर परमेश्वरको आनन्दले तपाईंलाई अनन्तकालसम्म नै फाइदै फाइदा दिनेछ.

**परमेश्वरले हामीलाई आफ्नो मार्ग देखाउनु हुनेछ र त्यो मार्ग उत्तम छ**

क्रिश्चियनको रुपमा जब तपाईं महत्वपूर्ण निर्णय लिनुहुन्छ, त्यतिबेला आफूलाई ठीक लागेको कुराहरुमा मात्र निर्णय नलिनुहोस्. बरू त्यसको साटो परमेश्वरको खोजी गर्ने र उहाँको पवित्र आत्मालाई अगुवाई गर्न दिनुहोस्. जसै तपाईं दिनहुँ परमेश्वरको वचन (बाइबल) पढ्नु हुन्छ, सोको प्रभावमा पनि रहनुहोस्. अब के गर्नु पर्ने हो भन्ने कुरामा तपाईं निश्चित हुनुहुन्न अथवा तपाईंलाई परमेश्वरको अगुवाई चाहिएको छ भने आफैंसित एउटा राम्रो प्रश्न सोध्नुहोस्: "यस्तो अवस्थामा येशू के गर्नु हुन्थ्यो होला ?" तपाईंमा थोरैमात्र पनि शंका भए यसो नगर्नु होस् – खासगरी परमेश्वरले दिनु भएको विवेकले नै तपाईंलाई समस्यामा पारेको छ भने. बरू परमेश्वरले नै तपाईंलाई डोऱ्याउनु भएको होस्. परमेश्वरको शान्तिले तपाईंको हृदयमा राज गरेको होस् (कलस्सी ३:१५ हेर्नुहोस्).

*तेरो सारा भरोसा परमेश्वरमा राख, तेरो आफ्नै समझशक्तिमा भरोसा नगर. आफ्नो सबै चालमा उहाँलाई सम्झी र उहाँले तेरा सबै मार्गहरू सुगम तुल्याइदिनु हुनेछ* (हितोपदेश ३:५,६).

तपाईं जे गर्नु हुन्छ, सबै काममा येशूलाई पहिलो स्थान दिने कोशिस गर्नुहोस्. तपाईंले येशूलाई आफ्नो जीवनको एउटा पक्षमा निम्त्याउनसक्नु भएन भने (सायद तपाईंलाई केही कुराले शरममा पारेको होला) त्यसलाई मिल्काई दिनुहोस्, किनभने त्यसले तपाईंलाई परमेश्वरबाट टाढा

लैजानसक्छ. परमेश्वरलाई तपाईंको निम्ति उहाँको काम गर्न तथा योजना पूरा गर्न दिनुहोस्. तपाईंले अनन्तको लागि उहाँमा आफ्नो सारा प्राणले भरोसा गर्नु भएकोछ. अब दैनिक जीवनमा उहाँमाथि भर पर्नुहोस्. तपाईंका समस्याहरुको समाधान र खाँचोहरू पूर्ति गरिइनेछन् भन्ने कुरामा उहाँमा भर पर्नुहोस्. उहाँले हरेक कुरामा तपाईंलाई मदत गर्न सक्नुहुनेछ.

*मेरा परमेश्वरले, ख्रीष्ट येशूमा भएको महिमा र उहाँको सम्पति अनुसार तिमीहरूका अभावहरू पूरा गर्नु हुनेछ* (फिलिप्पी ४:१९).

**परमेश्वर हामीलाई विश्वासद्वारा जिउन भन्नु हुन्छ**

*अब विश्वास चाहिँ आशा गरिएका कुराहरूको निश्चयता र नदेखेका कुराहरूको प्रमाण हो* (हिब्रू ११:१).

विश्वास भनेको हामी आफैंले देखेको र अनुभव गरेको कुरामा नभएर परमेश्वर र उहाँले बोल्नु भएको वचनमा विश्वास गर्नु हो. हामीले परमेश्वरमा विश्वास गर्नु जरुरी छ.

*बिना विश्वास परमेश्वरलाई रिझाउन असम्भव छ. किनभने जो परमेश्वरकहाँ आउँछ, त्यसले उहाँको अस्तित्व छ र उहाँको खोजी गर्नेहरूले प्रतिफल दिनु हुन्छ भन्ने कुरामा विश्वास गर्नुपर्छ* (हिब्रू ११:६).

**हामी कसरी विश्वास गर्न सक्छौं ?**

*यसकारण विश्वास सुनाईबाट र सुनाई चाहिँ ख्रीष्टको वचनबाट आउँछ* (रोमी १०:१७).

परमेश्वरले हाम्रो लागि बोल्नु भएको वचन सुन्दा विश्वास आउंछ. यसरी परमेश्वरले जे इच्छा गरी बोल्नु भएकोछ सो गर्नु नै हुनेछ भनी हामी विश्वास गर्छौं. यदि तपाईंले आफ्नो हृदय येशूमा अर्पण गर्नु भएकोछ र त्यसकारण तपाईं नयाँगरी जन्मनु भएकोछ भने तपाईंसंग एउटा नापको विश्वास हुन्छ.

*यसैकारण विश्वासबाट धर्मी ठहरिएका भएर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा हामी परमेश्वरमा मिलाप राखौं, जसद्वारा हामी स्थिर भएको यस अनुग्रहमा विश्वासबाट पस्ने अधिकार पनि हामीलाई मिल्दछ, र हामी परमेश्वरको महिमाको आशामा आनन्द गरौं* (रोमी ५:१,२).

**दिने कुराहरूमा हामी आफ्नो विश्वास देखाउन सक्छौं**

आफ्ना सन्तानहरूको लागि उपलब्ध गराई दिनलाई परमेश्वरसंग कहिल्यै नष्ट नहुने सम्पति छ. उहाँसंग भएका सबै कुराहरूको हामी भागिदार छौं (रोमी ८:१७ हेर्नुहोस्). अनि परमेश्वर त्यो सम्पति हामीसँग बाँडन चाहनु हुन्छ (रोमी ८:३२ हेर्नुहोस्). हामीसंग भएका सबैचिजहरू परमेश्वरबाट आएका, उहाँकै हुन्. उहाँले हामीलाई तिनको कारिन्दा वा हेरचाह गर्ने जिम्मेवार व्यक्ति बनाउनु भएकोछ. हामीले आफैंलाई उहाँमा सुम्पिएर – हाम्रो समय, धन-सम्पति, खुबी, रुपियाँ-पैसा आदि कुराहरू खाँचोमा परेकाहरूलाई दिएर हामी परमेश्वरप्रति कृतज्ञ हुनसक्छौं. दिने गर्नु भनेको परमेश्वरले हामीलाई जे दिनु भएकोछ, सोको असल कारिन्दा हुन सिक्नु हो. बाइबल भन्छ,

*तर कुरा यही हो, किफायतिसंग छर्नेले किफायतिसंगै काट्छ र प्रशस्तसंग छर्नेले प्रशस्तसंग नै काट्छ* (२कोरिन्थी ९:६).

परमेश्वरले हामीलाई फिर्ता गरिदिनेभन्दा बढ्ता हामी कसैलाई दिन सक्दैनौं (लूका ६:३८ हेर्नुहोस्).

**पानीको बप्तिश्माको विषयमा**

मण्डली शुरू भएकै दिन मानिसहरूले ख्रीष्टका विश्वासी हुनलाई पानीमा चुर्लुम्मै डुबेर बप्तिश्मा लिए (रोमी २:३८-३९). बप्तिश्माको अर्थ सामान्यत: डुब्नु वा पानीमा चोपलिनु हो. बप्तिश्मासंग बाइबलमा मिल्दो शब्दावली 'कपडा रंग्याउनु' भनी प्रयोग गरिएकोछ. कपडा रंग्याउने यस प्रक्रियामा कपडालाई आधारभूत रुपमा नै रंगभित्र डुबाइन्छ. परिणाममा त्यो पूर्णत: अर्कै रंगको हुन्छ. पानीको बप्तिश्मा पनि यस्तै हुन्छ. एउटा व्यक्तिको बप्तिश्मा हुँदा, ऊ पानीमा भित्रसम्मै डुब्छ, ऊ पूरै भिज्दछ. यसले उसमा

गतिलो परिवर्तन आएकोछ भन्ने जनाउँछ. यसमा परिवर्तन पानीले ल्याउने नभएर परमेश्वरको शक्तिले परिवर्तन ल्याउँछ.

पानीको बप्तिश्मा सम्बन्धमा बाइबलमा भएको सबैभन्दा राम्रो ब्याख्या रोमी ६:१-११ हो. यी महत्वपूर्ण पदहरू पढ्न समय छुट्याउनुहोस् र यस कार्यको महत्वको बारेमा तपाईं केही बिचार प्राप्त गर्नुहोस्. हामी यसलाई निम्नानुसार बिचार गर्न सक्छौं:

- यसले *गाडिइनु* भन्ने जनाउँ. यस सांकेतिक कार्यमा हामी येशूको मृत्युसंग नजीकको सम्बन्धमा छौं. बप्तिश्मा लिने व्यक्तिले आफू ख्रीष्टसंगै मर्दैछु भनिरहेको हुन्छ – रोमी ६:३
- यसले हाम्रो पुरानो जीवनको अन्त्य भयो भनी *प्रमाणित* गर्दछ. यहाँ हामी शारीरिक मृत्युको कुरा गरिरहेका छैनौं. तर यथार्थ के हो भने जब कसैले येशूलाई पछ्याउने निर्णय गर्छ वा ऊ क्रिश्चियन हुन्छ त ऊ पुरानो जीवनको सम्पूर्ण मार्गबाट तर्किएर (नाता तोडेर) आउँछ – कलस्सी २:११-१२
- यसले अब येशूसंग हामीले नयाँ जीवन शुरू गऱ्यौं भन्ने *निश्चित* गर्दछ – गलाती २:२०
- यसले हाम्रो संगति जीवित परमेश्वर : पिता, पुत्र र पवित्र आत्मासंग छ भन्ने कुरा *जाहेर* गर्दछ – कलस्सी ३:१-४
- यसले हाम्रो पाप पखालिएको छ भन्ने कुराको *प्रतिनिधित्व* गर्दछ, किनभने क्रूसमा येशूले गर्नुभएको कामलाई स्वीकार गर्नमा हामीले अरुलाई परमेश्वरमा उपलव्ध गरेका छौं – प्रेरित २२:१६
- यो हामी विश्वासको *सत्यमा खडा भएका* छौं भन्ने कुराको स्वीकार हो, जुन विश्वास क्रिश्चियनहरूले शुरूदेखि नै थामिराखेकाछन् (१कोरिन्थी १५:३-७ हेर्नुहोस्). साथसाथै हामी पुरानो जीवनको यथार्थबाट पनि परमेश्वरको शक्तिमा नयाँ जीवनमा सरेकाछौं भन्ने कुराको स्वीकार पनि यो हो – २कोरिन्थी १५:७
- यसले स्वयम् प्रभु येशूको आज्ञा *पूरा* गर्दछ. उहाँका विश्वासयोग्य चेला भएको नाताले हामी उहाँका हरेक वचन पालन गर्दछौं भन्ने कुराको *संकेत* यसले दिन्छ – मत्ती २८:१९

तपाईंले येशूमाथि र उहाँले तपाईंको लागि गरिदिनु भएको काममाथि विश्वास गरेपछि पानीमा चुर्लुम्मै डुबेर बप्तिश्मा लिनु पर्ने हुन्छ, अनि

पिता, पुत्र र पवित्र आत्माको नाममा यो काम गरिन्छ. तपाईंको स्थानीय मण्डलीका अगुवाहरूसंग पानीमा डुबेर लिइने बप्तिश्माको बारेमा अद्योपान्त (शुरुदेखि अन्त्यसम्म) वर्णन गरिमाग्नुहोस्. पानीको बप्तिश्माप्रति केही मण्डलीहरू फरक बिचार राख्छन्. यस विषयमा के गर्नु पर्ने हो भनेर परमेश्वरसंग बुद्धि माग्नुहोस्. आफ्नो मण्डलीका अगुवाहरूसंग पनि छलफल गर्नुहोस्.

**प्रश्न तथा संकेत**

१. यी पदहरूका अनुसार हामीले येशूको चेलाको रुपमा कसरी जिउनु पर्ने हो ? – यूहन्ना ८:३१-३२; कलस्सी ३:१७
२. परमेश्वरअघि हामीले जिउनका लागि पालन गर्नु पर्ने उत्तरदायित्व वा कर्तव्यहरू के के छन् ? (मत्ती ५:१६)
३. यी पदहरूले हामीलाई येशू ख्रीष्टमा के भन्छन् ? – २कोरिन्थी ५:१७; कलस्सी २:९-१० र ३:९-१०
४. के कुनै कुराले हामीलाई परमेश्वरको प्रेमबाट अलग्याउन सक्छ ? - रोमी ८:३८, ३९
५. हामी परमेश्वरका सन्तान हौं भन्ने विषयमा पवित्र आत्माले के निश्चयता दिनु हुन्छ ? - रोमी ८:१४-१७
६. एउटा विश्वासीले देखाउन सक्ने सबैभन्दा गतिलो गुण वा चरित्र के हो ? (१कोरिन्थी १३:१-१३)
७. तपाईंको उत्साहको लागि यी पदहरू पढ्नुहोस् : एफिसी २:६-१० र २पत्रस १:३
८. विश्वासद्वारा जिउनु भनेको आँखा चिम्लेर जे मनलाग्यो त्यही गर्नु र त्यसपछि असल कुराको आशा गर्नु हो ? (हिब्रू १२:२)
९. परमेश्वरमा गरिएको विश्वासले के गर्न सक्छ ? (मर्कूस ११:२२, २३)
१०. पानीको बप्तिश्माको विषयमा यी पदहरूले के भन्छन् ? – मत्ती ३:१३-१७, १पत्रस ३:२१-२२

**प्रार्थना**

महान परमेश्वर, येशूमा मेरो लागि गरिदिनु भएका सबै कामहरूको निम्ति म तपाईंलाई धन्यवाद दिन्छु. म उहाँको चेला भएर जिउन चाहन्छु. कृपागरी मैले यसो गर्न खोज्दा मलाई

सहायता र बल दिनुहोस्. मैले सामना गर्ने हरेक परिस्थितिमा येशू हुनुभएको भए उहाँले के गर्नु हुन्थ्यो भन्ने कुरा मलाई देखाउनु होस्. मैले गर्ने सबै कामहरुमा उहाँलाई प्रथम स्थान दिनमा मलाई सहायता गर्नुहोस्. मलाई यति अचम्मको विश्वास दिनु भएको लागि धन्यवाद छ. यही विश्वासले मलाई तपाईंको छोरो/छोरी हुन सक्षम बनाएकोछ. म अझै प्रभावकारी तरीकाले तपाईंको सेवा गर्न सकूँ भनेर मेरो विश्वास बढाउनमा मलाई सहायता गर्नुहोस्. मैले नबुझेका थुप्रै कुराहरू पनि छन्, तर मेरो जीवन नै तपाईंको हातमा राखिदिन्छु. यो प्रार्थना म येशू खीष्टको नाउंमा चढाउंछु, आमेन.